लेखराज सापकोटा
रजिर्ष्टड लेखापरीक्षक ख २६१९
पान : ३००३३४०६७

एस. के् एशोशिएट्स
रत्ननगर, चितवन
रजिर्ष्टड लेखापरीक्षक
☎ ०५६-५६१८३९

## विषय : अन्तिम लेखापरीक्षण प्रतिवेदन ।

श्रीमान् कार्यकारी अधिकृत ज्यू
रत्ननगर नगरपालिका कार्यालय, रत्ननगर, चितवन

त्यस नगरपालिकाको च.नं. १९४६ मिति २०७२।७।२९ को पत्र बाट स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १३५ अनुसार हामीलाई त्यस नगरपालिकाको आ.व. २०७१।०७२ को स्रेस्ताहरुको अन्तिम लेखापरीक्षण गरी प्रतिवेदन पेश गर्न लेखापरीक्षकमा नियुक्त गरिएकोमा लेखापरीक्षण ऐन २०४८, आर्थिक ऐन २०५५ आर्थिक कार्यविधि नियमावली २०६४ स्थानीय स्वायत्त शासन नियमावली २०५६, स्थानीय आर्थिक प्रशासन नियमावली २०६४ तथा नगरपालिका सम्बन्धी निर्देशिका परिपत्र तथा निर्णय र प्रचलित कानुनको आधारमा कार्यालयबाट उपलब्ध गराइएसम्मका स्रेस्ताहरुको लेखापरीक्षण कार्य सम्पन्न गरी निम्न टिकाटिप्पणी सहित प्रतिवेदन पेश गरेका छौं ।

वित्तिय विवरणहरुप्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । शुरु मौज्दात र अन्तिम मौज्दात व्यवस्थापनले दिएको वित्तिय विवरण अनुसार तयार गरिएको छ । र यसको उत्तर दायित्व पनि व्यवस्थापनको नै हुनेछ । व्यवस्थापनले तयार गरेका ती वित्तिय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तर दायित्व हो ।

वित्तिय विवरण सारभूत रुपमा गलत आंकडारहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि यस सिद्धान्तहरु अनुसार लेखापरीक्षण योजना तयार गरी तदअनुसार लेखापरीक्षण सम्पन्न गर्नुपर्दछ । वित्तिय विवरणहरुमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । संस्थाले अबलम्बन गरेको लेखा सिद्धान्त व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तिय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ । हाम्रो परीक्षणबाट हाम्रो लेखापरीक्षण मन्तव्यलाई पयाप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

हामीले लेखापरीक्षणको शिलशिलामा आवश्यक ठानेका सूचना एवं स्पष्टीकरणको साथै माग गरेका विवरण यथाशिघ्र तथा सन्तोषजनक रुपमा पायौ । नगरपालिकाको हिसाब किताब तथा स्रेस्ता प्रचलित कानुन बमोजिम राखिएका छन् ।

हाम्रो रायमा संलग्न वित्तिय विवरणले २०७२ आषाढ मसान्तको आर्थिक अवस्था र सो मितिमा समाप्त भएको आ.व.को आय व्यय विवरणले उल्लेखित मितिमा समाप्त भएको वर्षको क्रमस आय व्ययको यथार्थ चित्रण गर्दछ ।

हाम्रो विचारमा हामीलाई उपलब्ध गराइएको स्पष्टीकरण तथा हामीले प्राप्त गरेको सूचना तथा हामीले गरेको हिसाब किताब परीक्षणबाट नगरपालिकाका पदाधिकारी, वा कर्मचारीले लेखासंग सम्बन्धित कानुनी व्यवस्था विपरित काम काज गरेको हाम्रो जानकारीमा आएन ।

अन्त्यमा, लेखापरीक्षण कार्यमा सहयोग पुर्‍याउने मित्रहरुलाई धन्यवाद दिन चाहान्छौं ।

मिति :– २०७२।९।५
स्थान :– चितवन

लेखराज सापकोटा
रजिष्टर्ड लेखापरीक्षक
एस.के. एशोसिएट्स

बोधार्थ :
श्री महालेखापरीक्षकको कार्यालय, बबरमहल, काठमाण्डौ ।
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, काठमाण्डौ ।
श्री कोष तथा लेखा नियन्त्रण कार्यालय, भरतपुर, चितवन

# रत्ननगर नगरपालिकाको आ.ब. २०७१।०७२ को लेखापरिक्षण प्रतिबेदन

## सम्बन्धि कैफियतहरु

मालपोत तथा भुमिकर

मालपोत असुल गर्ने अधिकार नगरपालिकामा सरेपछि आफ्नो कार्यक्षेत्रमा रहेका जग्गाको लाग्ने लगतकोलगत मालपोत कार्यालयँबाट प्रमाणीत गराई ल्याउनुपर्नेमा सो मालपोतको लगत मालपोत कार्यालयबाट प्रमाणीत गराईएको न ।यस वाट मालपोत राजस्वको लगतको यर्थाथता यकिन गर्न सक्ने स्थिति रहेको छैन ।लगन तयार गरि सो अनुसारको मालपोत असुलगर्नुपर्नेमा लगत यकिन गरेको पाईएन ।लगत तयार नगरेकोले कति प्रतिशत मालपोत असुल गरेको हो मालपोत कति उठन बाकी छ यकिन गर्नसकिएन ।कार्यालयले मालपोत बक्यौताको लगत अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

बहाल कर

स्थानिय स्वायत्त सासन ऐन २०५६ को नियम १४१ अनुचिच ९ अनुसार आफ्नो क्षेत्र भित्रका घर पसल गोदाम ग्यारेज आदिकोवहाल कर तदारुकताका साथ उठाएको पाईएन ।

व्यावसाय कर

व्यावसाय कर तदारुकताका साथ उठाएको पाईएन । सो संग के कति उठन बाकी छ सो को लगत ...को पाईएन ।

एकिकृत सम्पती कर

नगरपालिकाको स्वायत्त सासन ऐन २०५५ र नियमावली २०५६ को सिमा भित्र रहि एकिकृत सम्पति कर व्यवस्थापन निर्देशिका २०६१ पारित गरि लागु गरेको देखिन्छ ।सोहिनिर्देशिका बमोजिम नगरपालिका क्षेत्रको घर जग्गालाई व्यापारिक,आवासीय,कृषि र अन्य गरि चार क्षेत्रमा विभाजन गरि सोहि अनुसारकोमुल्यांकनको आधारमा कर निर्धारण गरेको पाईयो । निम्न लिखित रसिदहरु मध्येबाट उठाईउका कररकम दाखिला गर्दा उठेको रकम भन्दा कम रकम दाखिला गएिको देखिएको हुंदा दाखिला गर्न छुट भएको रकम हरु दाखिला गर्नुपर्ने देखिन्छ ।

| न | नाम | रसिद नं. | गत वर्पको | चालु वर्पको | जम्मा |
|---|---|---|---|---|---|
| | पुण्यराज आचार्य | विभिन्न | ।00 | ४६५।६0 | ४६५।६0 |
| | डिम्बेश्वरी पौडेल | विभिन्न | ।00 | ७३0।00 | ७३0।0 |
| | सुरेन्द्र चौधरी | विभिन्न | ।00 | ५३२।४0।00 | ५३२।४0 |
| | सूर्य प्रसाद ढुंगाना | विभिन्न | ७,८७0।00 | ।00 | ७,८७0।00 |
| | खाता नं. ग २ २ १ को भौ नं. ५५ वाट | वढि भुक्तानी | ।00 | ८,११४।३२ | ८,११४।३२ |
| | खाता नं. २ ३ ०१ को भौ नं.५९० | चेक फिर्ता | ।00 | २,०१,६00।00 | २,०१,६00।00 |

उक्त रकमहरु सरकारी बांकी सरह तत्काल अशुल उपर गर्नुपर्ने ।

इन्धन खरिद गरि स्टोरमा दाखिला गरेको पाईएन ,ईन्धन आपुर्तिको लागी बोलपत्र आव्हान गरेको पाईएन ।ईनधन खर्चमा नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निकै कमजोर देखिन्छ ।कार्यालयमा रहेका सवारी साधन प्रयोग गर्दालगबुक मार्फत अभिलेख राखी इन्धन खर्चगर्नुपर्ने भएतापनि सो गरेको पाईएन । अत ईन्धन वितण प्रणालीलाई सुधार गर्नुपर्ने देखिन्छ ।

नगरपालिका लाई चाहिने आवश्यक पर्ने अधिकांश सामान खरिद गर्दा प्यान बिल वा भ्याट बिल वाट खरिद गरेको पाईएन पांच हजार भन्दा बढिको सामान खरिद गर्दा समेत सादा बिलबाट खरिद गरेको पाईयो तसर्थ प्यान बिल वा भ्याट बिल वाट खरिद गर्नुबर्ने सुझाव दिइन्छ ।

गरिबि न्यूनिकरण कार्यक्रम अन्तर्गत निर्णय नगराइ पत्रको भरमा मात्र पेश्की दिएको देखिन्छ ।निर्णय गराएर मात्र पेश्की दिन सुझाव दिइन्छ ।

बिगतदेखिको पेश्की रकम हाल सम्म पनि फर्छौट भएको पाईएन तसर्थ तत्काल पे.फ. गर्न सुझाव दिईन्छ ।

आयकर ऐन २०५८ को दफा ९० अनुसार प्रत्येक महिना कटिट गरेको रकम महिना समाप्त भएको पन्ध्र दिन भित्र विवरण सहित दाखिला गर्नुपर्नेमा सो अनुसार दाखिला भएको पाईएन ।

नगरपालिका क्षेत्र भित्रका आफैले संरक्षण गर्नुपर्ने भवन,स्मारक,पाटीपौवा,सत्तल ,धारा मन्दिरको नगरपालिकाले अभिलेख राखेको पाईएन नगरपालिकाको नाममा रहेको जगगा जंगल पार्क जस्ता प्राकृतिक सम्पतिको पनि अभिलेख राखेको पाईएन । तयार गरिएका सडक,ढल्नी पुल लगाएत भाडामा लगाउन नमिल्ने सार्वजनिक संरचना मध्ये उपभोक्ता समितिलाई हस्तान्तरण नगरिएका संरचनाको लगत नगरपालिकामा राख्नु गर्नुपर्दछ । नगरपालिकाले निमार्ण गरेका संरचनाहरुको लगत तयार गरि राख्दा बनिसकेका संरचनाहरुमा ...बाट रोक्न सकि हुंदा यस्ता लगत तयार गर्न सुझाव दिईन्छ ।

लेखराज सापकोटा
नि. एम.के. एसोसियटस
रजि. अडिटर्स

# रत्ननगर नगरपालिका कार्यालय
## रत्ननगर, चितवन

आर्थिक प्रशासन शाखा

यस न.पा.मा प्रयोग भएका बैंक खाताको विवरण :

१) ग–४–३/०२ आय खाता (रा.वा.बैंक, भरतपुर)

२) ग–४/०१ रकमान्तर तथा आय खाता (रा.वा.बैंक, भरतपुर)

३) ग–२–३/०१ खर्च खाता (रा.वा.बैंक, भरतपुर)

४) ग–२–२/०१ खर्च खाता (रा.वा.बैंक, भरतपुर)

५) ग–३ धरौटी खाता (रा.वा.बैंक, भरतपुर)

६) ९२६९ कर्मचारी कल्याण कोष खाता (ने.बैंक लि., रत्ननगर)

७) २६६८ नगरपालिका विकास कोष खाता (ने.बैंक लि., रत्ननगर)

८) २८८००१ प्रकोप व्यवस्थापन कोष खाता (ने.बैंक लि., रत्ननगर)

९) २८८१०१ मर्मत संभार कोष खाता (ने.बैंक लि., रत्ननगर)

१०) ३१३९०१ आन्तरिक आय खाता (ने.बैंक लि., रत्ननगर)

११) ००३००००१०६CD आन्तरिक आय खाता (नेपाल कम्यूनिटी बैंक लि., रत्ननगर)

१२) ००७०३८२३०३००११ सि.एफ.एल.जि. (हिमालयन बैंक, रत्ननगर)

रत्ननगर नगरपालिका कार्यालय
रत्ननगर, चितवन

## आन्तरिक राजश्व उपशाखा

क. आ.व. ०७१/०७२ मा खपत भएका नगदी रसिद, एकिकृत सम्पत्ति कर रसिद, स्वेदशी तथा विदेशी सवारी रसिदको संख्या विवरण :

| | |
|---|---|
| १. नगदी रसिद | संख्या ०१ देखि १४७०० सम्म |
| २. एकिकृत सम्पत्ति कर रसिद | संख्या ०१ देखि १०४५० सम्म |
| ३. एकिकृत सम्पत्ति कर पुरानो (हाते) रसिद | संख्या ०१ देखि २०६५ सम्म |
| ४. स्वदेशी सवारी रसिद | संख्या ०१ देखि ९१८०० सम्म |
| ५. विदेशी सवारी रसिद | संख्या ०१ देखि १८०० सम्म |
| (नोट : विदेशी सवारी रसिद १२०१–१४०० सम्मको रसिद नछापिएको) | |
| ६. नगदी रसिद (एम्बुलेन्स सवारी साधनमा प्रयोग भएको) | संख्या ०१ देखि ३५० सम्म |
| ७. दैनिक फुटपाथ (विटौरी कर) | संख्या ०१ देखि २००० सम्म |
| ८. मालपोत रसिद | संख्या ०१ देखि २२०० सम्म |

ख. एकिकृत सम्पत्ति कर रसिद, नगदी रसिद तथा सवारी कर रसिदको रकम बैंक दाखिला गर्ने क्रममा ढिलाई भएको पाइयो । नगद हकमा आज वा आज नभ्याए भोली जम्मा गर्नुपर्नेमा सो गरेको पाइएन । यसमा पनि लेखापरीक्षण ऐन २०४८, स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ अनुसार नगद दुरुपयोग तथा हिनामिना मानिने हुँदा रकम समयमा नै रकम बैंक दाखिला गर्नुपर्ने देखिन्छ ।

ग. एकिकृत सम्पत्ति करको जस्तै यस न.पा.मा रहेका व्यवसायीहरुको लगत समेत Software प्रणाली अनुसार राख्नुपर्नेमा विशेष जोड दिनुपर्ने देखिन्छ, जसबाट बाँकी बक्यौताको हर हिसाब हेर्न तथा नयाँ पुराना व्यवसायीहरुको आकँडा समेत थाहा पाउन सजिलो पर्ने थियो ।

घ. न.पा.को आन्तरिक आयश्रोतले प्रशासनिक खर्च समेत धान्न गाह्रे भएको देखियो । अत: स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६ को परिधि भित्र रहि करका नयाँ सम्भावित शीर्षकको खोजी गरी करको दायरा तथा आम्दानीलाई बढाउनुपर्ने देखिन्छ । जस्तै : ढल जडानलाई प्राथमिकता दिई ढल जडान गर्न लगाउने साथै जडान गरिसकेकाहरुसँग मासिक शुल्क उठाउने, रत्ननगर नगरपालिका भित्रका खोलानाला माछा ठेक्कामा दिई आम्दानी बढाउने, पार्किङ्ग शुल्क जस्ता नयाँ शीर्षकको खोजी गर्नुपर्ने देखिन्छ ।